# गंगादेव गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सानडाँडा, रोल्पा
२०७३

वेव : www.gangadevmun.gov.np
ई-मेल : gangadevmun@gmail.com
फोन : ९८४५५७०४००

सूचना नः 32

लुम्बिनी प्रदेश, नेपाल


मितिः २०७९/०६/३०

## शिलबन्दी दरभाउ पत्र आह्वान सम्बन्धी सूचना

स्थानीय सरकार सञ्चलन ऐन, २०७४ को दफा ११ (२) को खण्ड घर ण मा स्थानीय तहले नियम वनाई आफ्नो क्षेत्रभित्रबाट निकासी हुने तरकारी, जडिबुटी, जीवजन्तु तथा कवाडी सामान निकासीको कर संकलन गर्न सक्ने व्यवस्था भएकोले तपसिलको आय शिर्षकमा आ.व. २०७९/०८० का लागि तपसिलको वार्षिक ठेक्का अंकका आधारमा यस गाउँपालिकाबाट शिलबन्दी दरभाउ पत्र आह्वान गरिएको जानकारी गराउँदै इच्छुक व्यक्ति, फर्म वा संस्थाले तोकिएका शर्तहरुको अधिनमा रही तपसिलको मिति र समयभित्र दरभाउ पत्र दाखिला गर्नहन यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं | ठेक्काको विवरण | जम्मा ठेक्का अंक रु. | निकासा हुने नाका | दरभाउ पत्र खरिद गर्ने दस्तुर रु |
|---|---|---|---|---|
| GRM/ROLPA/VEG /32/079/80 | गंगादेव गाउँपालिका बाट निकासी हुने तरकारी, जडिबुटी, जीवजन्तु तथा कबाडी निकासी कर संकलन | १२०००००।- | झ्याम, पाथिहाल्न, बसारे, डलसिंगे, मेलडारी र ढनठान | १०००।- |

**शर्तहरुः**

१. माथि उल्लेख भएबमोजिम पछि फिर्ता नहुने गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयबाट दरभाउ पत्र फारम खरिद गर्न सकिनेछ ।

२. सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजेभित्र नेपाली नागरिकले कबोल गरेको कुल ठेक्का अंकको २.५ प्रतिशत धरौटी रकम ग्लोबल आइ एम इ बैंक लिमिटेड सुकिदह शाखामा रहेको हि.नं २७०४०१००००००२ (Ga.3. Dharauti Khata Gangadev) यस कार्यालयको धरौटी खातामा दाखिला गरेको सक्कलै बैंक भौचर संलग्न गरी गाउँ कार्यपालिकाको कार्यालय सानडाँडा, रोल्पामा दरभाउ पत्र पेश गर्न सकिनेछ ।

३. सरी पर्न आएका दरभाउ पत्रहरु १६ औं दिनको २ बजे यस गाउँ कार्यपालिकाको कार्यालय सानडाँडा, रोल्पामा दरभाउ पत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । सो समयमा दरभाउ पत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउ पत्र खरिद दर्ता र खोलिने दिन सार्वजनिक बिदा पर्न गएमा क्रमशः सम्बन्धित कार्यहरु सोको भोलिपल्ट गरिनेछ ।

४. ठेक्का अवधि सम्झौता भएको मितिले २०८० सालको आषाढ मसान्तसम्म मात्र हुनेछ ।

५. दरभाउ पत्र फारम भर्दा आफुले कबोल गरेको अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको व्यहोरालाई मान्यता दिइनेछ ।

६. दरभाउ पत्र स्वीकृत भएपछि सूचना टाँस भएको मितिले ७ दिनभित्र नियमानुसार आयकर/मुअकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, कर चुक्ताको प्रमाणपत्र प्रतिलिपि लिई यस कार्यालयमा सम्झौता गर्न आउन पर्नेछ । सो अवधिभित्र सम्झौता गरी पट्टा नउठाएमा नियमानुसार हुनेछ ।

७. ठेकेदारले आफुले कबोल गरेको कुल रकम ४ किस्तामा बुझाउनु पर्नेछ । पहिलो किस्ता वापतको २५ प्रतिशत रकम सम्झौता हुने मितिमा र बाँकी रकम २५ प्रतिशतका दरले ३/३ महिनामा बुझाउने पर्नेछ ।

८. नेपाल सरकारबाट ढाँट तगारो राख नपाईने गरी तोकिएको सडकमा ढाँट तगारो राखी कर संकलन गर्न पाइने छैन ।

९. कर संकलन चौकीमा कर लगाइने वस्तुको नाम र करका दरहरु उल्लेख गरी होडिङ बोर्ड राख्नुपर्नेछ।

१०. ठेक्का वापत नेपाल सरकार वा अन्य निकायलाई तिर्नु, बुझाउनु पर्ने दस्तुर बोलपत्रदाताले नै बुझाउनु पर्नेछ।

११. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार नियमानुसार यस गाउँपालिकामा सुरक्षित रहनेछ । दरभाउ पत्र पेश गर्दा दरभाउ पत्रदाताको तर्फबाट कुनै किसिमको शर्त मान्य हुनेछैन । शर्त सहितको दरभाउ पत्रलाई स्वत: बदर भएको मानिनेछ । साथै रित नपुगी वा म्याद नाघी आएको दरभाउ पत्र उपर कुनै कारबाही हुनेछन ।

१२. यस शिलबन्दी दरभाउ पत्र आह्वान सम्बन्धी सूचनामा उल्लेख गर्न छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन ,२०६३ नियमावली, २०६४ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम हुनेछन् ।

१३. निकासी कर संकलन गर्दा गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको दर लागु गर्नुपर्नेछ ।

१४. शिलबन्दी दरभाउ पेश गर्दा सूचनामा तोकिएको जम्मा ठेका अंकमा नघट्ने गरी पेश गर्नुपर्नेछ ।

१५. थप जानकारीको लागि ९८४५५७०४००/९८५७८७७०४२ मा सम्पर्क गर्न सकिनेछ ।

सकलदेव यादव
नि.प्रमुख प्रशासकिय अधिकृत